**स्थानीय सरकार**
**गंगाजमुना गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**फुलखर्क, धादिङ**
**बाग्मती प्रदेश, नेपाल**

# स्यानिटरी प्याड खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

**पहिलो पटक प्रकाशित मिति : २०७८/०२/१८**

१. यस कार्यपालिकाबाट सामुदायीक विद्यालय अध्ययनरत किशोरवस्थाका महिनावारीका समयमा निःशुल्क वितरण गर्न सेनिटरी प्याडहरु सिलबन्दी बोलपत्रद्धारा खरिद गर्नुपरेको मिति २०७८/०३/०१ गते सम्म कार्यालय समय भित्र बोलपत्र फारम दुस्तर रु.३,०००/- (अक्षरेपी तीन हजार मात्र) (पछि फिर्ता नहुने) गाउँपालिकाको राजस्व शाखामा नगदै वा गाउँपालिकाको आन्तरिक राजस्व खाता नं. ४३०९५२४१२०७००४ तिरी चालु आ.व. को लागि नवीकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, व्यवसाय प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र समेतको प्रतिलिपी संलग्न गरी रु १०/- को टिकट टाँसी बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्कै नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।

३. मिति २०७८/०३/०२ गते दिनको १२:०० बजे भित्र आफैले खरिद गरेको बोलपत्र रीतपूर्वक भरी सिलबन्दी गरी यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा गाउँ कार्यपालिकाको कार्यालय, फुलखर्कमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

४. बोलपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको रकम दाखिला गरेको सक्कलै भौचर **गंगाजमुना गाउँ कार्यपालिका, फुलखर्क, धादिङको** नेपाल एस.वि.आई. बैंक गंगाजमुना शाखाको धरौटी खाता नं. ४३०२५२४०६००००३ मा जम्मा गरेको सक्कलै भौचर वा 'क' वर्गको बैंकबाट जारी भएको र बोलपत्र खुल्ने मितिबाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेश गर्नुपर्नेछ । विदेशी बैंकको Bank Guarntee भएमा नेपाली बैंकबाट Endorse भएको हुन पर्नेछ । स्वीकृत बोलपत्रदाताले कार्यालयले तोके अनुसारको कार्यालयको नामको परफरमेन्स वण्ड सम्झौता गर्नु अगावै पेश गर्नुपर्ने छ ।

५. बोलपत्र स्वीकृत हुँदा प्याकेजको रुपमा वा आईटम वाईज दर स्वीकृत गर्न सकिनेछ । बोलपत्रदाताले बोलपत्रको आईटम वाईज बिडिङ्ग गर्नुपर्नेछ । सम्झौता हुँदा सेनिटरी प्याडको परिमाणमा थपघट हुन सक्नेछ । साथै बोलपत्र पूर्ण वा आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. बोलपत्र साथ आपूर्ति गर्ने सेनिटरी प्याडहरुको गुणस्तर सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसुची-१ बमोजिम हुनुपर्नेछ ।

७. कार्यालय हातासम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्र दाताले नै व्यहोर्नु पर्नेछ ।

८. आपूर्ति हुने सेनिटरी प्याडको Expiry Date स्टोर दाखिला हुने समयमा कम्तिमा १८ महिना बाँकी हुनपर्नेछ । तर कुनै सेनिटरी प्याडको Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हनुपर्नेछ ।

९. सप्लाई हुने सेनिटरी प्याडको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नम्बर र सकेसम्म नेपाल सरकार द्वारा निःशुल्क वितरणको लागि भन्ने वाक्यांश उल्लेख भएको हुनपर्नेछ ।

१० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० (ङ) अनुसार बोलपत्र-दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यामा आफ्नो स्वार्थ नबाझिएको र व्यवसाय सम्बनधी कसुरमा सजाय नपाएको भनि लिखित घाषणा भएको कागजात बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

११. बिदेशी सेनिटरी प्याडको हकमा सम्बन्धीत विभागको पैठारी सिफारिस पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

१२. बोलपत्रदाताले उपलब्ध गराउने सेनिटरी प्याड स्वदेशी उत्पादन भएका खरिदकर्ताको नाममा उल्लेखित बोलपत्र प्रयोजनको लागि जारी गरेको सक्कल अधिकार पत्र (Authorization Letter ) र विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको एजेन्टबाट लिएको सक्कलै अधिकार पत्र पेश गर्नुपर्नेछ ।

१३. एक आपसमा मिलेमतो गरी बालपत्र दाखिला गरेको पाईएमा त्यस्तो बोलपत्र स्वीकृत गरीने छैन ।

१४. बोलपत्र फारममा रकम उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ ।

१५. बोलपत्रको प्रत्येक पानामा बोलपत्रदाताको अधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनुपर्नेछ । साथै बोलपत्रदाताले पेश गर्ने सम्पूर्ण प्रमाणपत्रहरु नवीकरण भएको हुनुपर्ने र नोटरी पब्लिकबाट अनिवार्यरुपमा प्रमाणित गराई पेश गर्नु पर्नेछ ।

१६. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (संसोधित सहित) र सार्वजनिक खरिद नियमाली, २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ । विस्तृत जानकारीको लागि गंगाजमुना गाउँपालिकाको कार्यालय, धादिङ सार्वजनिक खरिद शाखा/जिन्सीमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

| सि.नं. | सूचना नं. | विवरण | लागत अनुमान मू.अ.कर. सहित | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | (शिक्षा) १/०७७/०७८ | स्यानिटरी प्याड खरिद | १३,५०,०००/- | ६७,५००/- | |

**प्रमुख प्रशासकीय अधिकृत**